## बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८२/१०/२८

## भाग-२

## बर्जु गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०७८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट पारित मितिः २०८२/१०/२६

प्रमाणिकरण मितिः २०८२/१०/२८

**टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ लाई संशोधन गर्न बनेको विधेयक**

प्रस्तावनाः टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बर्जु गाउँ पालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षीप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम **टोल विकास संस्था (गठन तथा परिचालन)(पहिलो संशोधन) कार्यविधि, २०८२** रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ५ मा संशोधनः टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ (यस पछि **मूल कार्यविधि** भनिएको) को दफा २ को

१) उपदफा (क) मा "संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।" भनिएको ठाँउमा **संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि बर्जु गाउँपालिकामा निवेदन दिनु पर्नेछ** हुनेछ।

२) उपदफा (ख) मा "उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।" भनिएको ठाउँमा **उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि बर्जु गाउँपालिकाको कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ** हुनेछ।

३) उपदफा (घ) हटाइएको छ।

**३. मूल कार्यविधिको अनुसूची १ र २ मा संशोधन देहाय बमोजिम हुनेछ।**

**देहाय**

अनुसूची १

टोल बिकास संस्थालाई गाउँपालिकामा सूचीकृत गर्ने निवेदनको नमूना

मितिः ........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी।

विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ...... स्थित .................... टोलमा गठन गरिएको ................................ टोल विकास संस्थालाई ........................ सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु। यस ............................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमित रहनेछ।

संलग्नः

टोल भेलाको उपस्थिति र निर्णय।

कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः .............................

पश्चिम सिमानाः .............................

उत्तर सिमानाः .............................

दक्षिण सिमानाः .............................

हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट

अध्यक्षको नामः ..............................

टोल विकास संस्थाको नामः .............................

ठेगानाः ...............................

अनुसूची-२

**बर्जु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

मितिः ...............................

## टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र

बर्जु गाउँपालिका वडा नं. ........... स्थित .......................... मा गठन भएको टोल विकास संस्थालाई यस कार्यालयमा मिति ....................... मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रीय सहभागिताको अपेक्षा गर्दछु।

.............................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत